म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३ बुधबार १७ साउन २०८० ने. सं. ११४३ अनलागा 2 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहाका ८२ वर्षीय पाखिनको मृत्यु

हेटौंडा, १६ साउन/मालिस गर्ने तेल सेवन गर्दा मकवानपुरमा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा थाहा नगरपालिका वडा नं.५ सानोभागा बस्ने अन्दाजी ८२ बर्षीय राजकुमार पाखिन रहेको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार पाखिनले आफ्नै घरमा मालिस गर्ने तेल सेवन गरी बिरामी भएका थिए । उनको उपचारको लागि हेटौंडा अस्पतालमा लगिएको थियो । त्यहाँ उपचार हुन नसकेपछि थप उपचारको लागि मकवानपुर सहकारी अस्पताल ल्याएकोमा उपचारकै क्रममा निधन भएको प्रहरीले जनाएको छ । पाखिनले सेवन गरेको मालिस गर्ने तेलको बारेमा प्रहरीले खुलाएको छैन । यस घटनामा थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

हेटौंडा सडक विस्तार :

## मुद्दा हेर्न नमिल्नेमा परेपछि घरधनी र सरकारबीचको छलफल धकेलियो

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ हेटौंडाको सडक विस्तारमा मुआब्जा माग्दै सर्वोच्च अदालतमा पेशी चढेको रिट हेर्न नमिल्नेमा परेको छ ।

हेटौंडाको मुख्य बजार क्षेत्रमा पर्ने सडक विस्तारको सम्बन्धमा परेको रिटउपर यसअघि घरधनी र सरकार पक्षबीच छलफलका लागि १६ साउनमा बोलाइएको थियो । हेटौंडा उपमहानगरपालिका-१०, राप्तिरोड निवासी विजयलाल जोशीसमेतले दायर गरेको रिटमा सर्वोच्च अदालतका न्यायधीश अनिलकुमार सिन्हाको एकल इजलाशले गत मंगलबार अल्पकालीन आदेश जारी गरेको थियो । जोशीले गत साउन ४ गते सर्वोच्चमा दर्ता गराएको रिटमा न्यायधीश सिन्हाको एकल इजलासले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सडक विस्तारको विषयमा १५ दिनभित्र लिखित जवाफ माग गर्दै आदेश जारी गरेको हो ।

'यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सो-को आधार र कारणसहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्यार्थी नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यार्थी नं. १० ले आफैं वा आफ्नो कानुन बमोजिम प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नू', अदालतको आदेशमा उल्लेख थियो ।



तर, १६ साउन मंगलबार सर्वोच्चमा छलफल हुन नसकेको हेटौंडा उपमहानगरपालिकाको कानुन अधिकृत लक्ष्मण मैनालीले जानकारी दिए । मंगलबारका लागि पेशी चढेको रिट हेर्न नमिल्नेमा परेपछि छलफल हुन नसकेको मैनालीले बताए । एकल इजलाशबाट जारी भएको आदेशमा संयुक्त इजलाशमा आदेश दिने न्यायधीश परेको अवस्थामा मुद्दा हेर्न नमिल्नेमा जाने भएकाले मंगलबार मुद्दा हेर्न नमिल्नेमा गएको मैनालीले जानकारी दिए । उनकाअनुसार पेशी २१ गतेका लागि सरेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालले करिब साढे ३ सयजनाले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको जानकारी दिए । मुद्दाअनुसार सर्वोच्च अदालतबाट छलफलका लागि विभिन्न मितिमा अल्पकालीन आदेश जारी भएको छ । विगतमा हालिएको मुद्दामा १६ गते छलफल थियो भने २१, २२, २३, २८, २९ गतेसम्म र मंसिरमा छलफलका लागि बोलाउने अल्पकालीन आदेश जारी भएको कटुवालले जानकारी दिए । सडक डिभिजन हेटौंडाद्वारा १० असारमा जारी हेटौंडाको रातोमाटेदेखि राप्तिपुलसम्मको राजमार्ग क्षेत्रका अतिक्रमित संरचना हटाउने सूचनाको म्याद १५ साउन मध्यरातबाट सकिएको छ ।

१६ साउनबाट सडक विस्तार सुरु गर्ने तयारी गरेको सडक डिभिजन घरधनीहरुले सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि रोकिन पुगेको छ । सर्वोच्च अदालते यसअघि छलफल गर्नुपर्ने देखिएको भन्दै १६ गतेसम्म संरचनामा कुनै क्षति नपुर्‍याउन अल्पकालीन आदेश दिएको थियो । हेटौंडामा यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निक्लिए पनि सडक फराकिलो भने हुन सकेको छैन । हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेसँगै राजमार्ग क्षेत्र विस्तारको क्रममा भत्किने घरटहराको मुआब्जा माग्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको हो ।

घरधनीले सर्वोच्च अदालतबाट अल्पकालीन आदेश लिएका कारण छलफलपछि सर्वोच्च अदालतबाट आउने निर्णयलाई कुरेको सडक डिभिजन प्रमुख इन्जिनियर राजेशकुमार यादवले बताए । पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडाको रातोमाटेदेखि राप्तिपुलसम्म अतिक्रमित संरचना हटाउन १० असारमा कार्यालयले सूचना जारी गरेयता घरधनी र व्यवसायी चिन्तित थिए । मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा घरधनी र व्यवसायीले बिना मुआब्जा र क्षतिपूर्ति सडक विस्तार गर्न नदिने चेतावनीसहित सडक डिभिजन, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालयमा धर्ना दिनुका साथै शक्ति प्रदर्शनसमेत गरेका थिए ।

हेटौंडामा यसअघि २०७३ साल पुस १४ गते हेटौंडा बजार क्षेत्रमा पहिलो पटक सडक विस्तारका लागि डोजर चलेको थियो । २०२१ सालमा पूर्वपश्चिम राजमार्ग अन्तर्गतका क्षेत्रहरुमा सडकको बीचबाट दायाँबायाँ २५-२५ मिटर फराकिलो बनाउने घोषणा भएको थियो । त्यतिबेला समयमा मनहरीदेखि राप्तीरोडसम्मका घरटहरामा डोजर चल्यो । घरहरु भत्कियो । तर, जब राप्तीरोडमा रहेको नेपाल टेलिकमदेखि बजार क्षेत्रमा डोजर प्रवेश गर्न खोजेपछि भने त्यसक्षेत्रका बासिन्दा, स्थानीय ब्यवसायीले आन्दोलन गरेपछि सडक डिभिजनले काम रोकेको थियो । सडक डिभिजनसँग सडक विस्तारका क्रममा हटाउनुपर्ने घर, टहरालगायतका संरचनाको विवरण समेत नभएको पाइएको छ ।

बजार क्षेत्रका घर जग्गा धनीलाई यसअघि नै मुआब्जा र क्षतिपूर्ति दिएको दाबी गर्ने सडक डिभिजन कार्यालयसँग घरजग्गा धनीलाई मुआब्जा र क्षतिपूर्ति दिएको निस्सा र अभिलेख नै छैन ।

सडक डिभिजन हेटौंडाका डिभिजन प्रमुख यादव रातोमाटेदेखि राप्ती पुलसम्म भत्काउनुपर्ने घर, टहरा चारसय रहेको अनुमान गरिएको बताउँछन् । 'हामीले विवरण त संकलन गरेका होइनौं, अदालतमा परेको ३ सय ४० वटा घरको मुद्दा फर्छ्योट भएर आएको छ र थप ४० घर पर्छ भन्ने हाम्रो अनुमान हो ।', उनले भने । घरजग्गाको क्षतिपूर्ति र मुआब्जा माग गर्दै आएको बसोबास संरक्षण सरोकार समितिले करिब आठ सय घर पर्ने जनाएको छ ।

## मकवानपुरमा लागूऔषधको ओसार पसार नियन्त्रण गर्छुः एसपी रिजाल

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/भारत र नेपालका ठूला सहरहरुमा लागूऔषध ओसारपसारको 'ट्रान्जिट प्वाइन्ट' बन्दै आएको मकवानपुरमा लागूऔषध नियन्त्रण अभियान चलाउने भर्खर सरुवा भएर आएका जिल्लाका प्रहरीप्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले बताएका छन् ।

उनले मकवानपुर छिमेकी मुलुक भारत र नेपालका ठूला सहरहरुमा लागूऔषध ओसारपसार हुने 'ट्रान्जिट प्वाइन्ट'को रुपमा मकवानपुर (हेटौंडा) देखिएको बताएका छन् । लागूऔषध ओसारपसारसँगै यहाँका युवापुस्तामा पनि लागूऔषध सेवनले ठूला समस्या निम्त्याइरहेको रिजालको भनाई छ । उनले आफ्नो कार्यकालमा लागूऔषध नियन्त्रणलाई प्रभावकारी ढंगबाट अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् । एसपी रिजालले जिल्लामा प्रविधिको उच्चतम प्रयोग गरेर शान्ति सुरक्षा कायम राख्न हरसम्भव प्रयास गर्ने बताए ।



प्रहरी उपरीक्षक रिजालले मकवानपुरका सञ्चारकर्मीसँगको भेटका क्रममा यस जिल्ला लागूऔषध ओसार पसार गर्ने केन्द्र जस्तै भएकाले यसको नियन्त्रणका लागि सबैले सहकार्य गर्नु जरुरी रहेको बताए । मकवानपुर भएर गाँजा अफिम लगायतका लागूऔषध निकासी हुने र भारतबाट अरु औषधिजन्य लागूऔषध यहाँ भित्रने भएकाले यसको नियन्त्रणका लागि लागि पर्ने बताए ।

जिल्लाको शान्तिसुरक्षा कायम राख्ने, यहाँ सवारी दुर्घटना तथा गुण्डागर्दी नियन्त्रण आफ्नो प्राथमिकतामा रहेको बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका पूर्वअध्यक्ष प्रताप विष्टले जिल्लाको भौगोलिक अवस्था र लागूऔषध खेती नियन्त्रणमा विशेष योजना बनाएर अगाडि बढ्न सुझाए ।

पत्रकार महासंघ मकवानपुरका निबर्तमान अध्यक्ष हरि हुमागाईं, पूर्वअध्यक्ष भानुभक्त आचार्य, प्रेस युनियन मकवानपुर अध्यक्ष सुवास विडारी, पूर्वअध्यक्ष कुमार अधिकारीलगायतले सञ्चारकर्मीलाई सुरक्षित रुपमा समाचार लेख्ने वातावरण बनाउन जरुरी रहेको औंल्याउँदै लागूऔषध नियन्त्रणमा प्रहरी-सञ्चारकर्मी सहकार्य जरुरी रहेको बताए ।

## दिव्य बालउद्यानमा युवा संघद्वारा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/'संरक्षण प्रकृतिको, सुरक्षा सन्ततिको" एक युवा पाँच बिरुवा भन्ने नाराका साथ राष्ट्रिय युवा संघ नेपालले देशव्यापी रुपमा बृक्षरोपण अभियान गरिरहेको छ ।

त्यही अभियान अनुसार हेटौंडा उपमहानगरपालिका वडा नम्बर-९ मा दिब्य बालउद्यानमा ३ सय वटा बिभिन्न जातका विरुवा रोपिएको छ । राष्ट्रिय युवा संघ नेपाल हेटौंडा उपमहानगरपालिका कमिटीको आयोजनामा बृक्षरोपण गरिएको हो । कार्यक्रममा युवा संघका केन्द्रीय उपाध्यक्ष सीता सुवेदीले विरुवा रोपेर कार्यक्रमको सुरुवात गरिन् ।



कार्यक्रममा नेकपा एमाले मकवानपुरका अध्यक्ष तथा प्रदेशसभाका सदस्य एकालाल श्रेष्ठ, युवा संघका केन्द्रीय सचिव जय गुरुङ, एमाले बागमती प्रदेश कमिटीका सदस्य रघुनाथ खुलाल, संघ केन्द्रीय लेखाआयोगका प्रमुख सन्तोष चौलागाई, संघका नगरउत्प्रेरक निरज पौडेल, एमाले मकवानपुरका सचिव नविन सिग्देल, एमाले जिल्ला सचिवालय सदस्य मदन दाहाल, एमाले मकवानपुरका नेताहरु मीना अर्याल, आरती पाठक, रमिला सापकोटा, दिलु धर्ति, नरेन्द्र भण्डारी, लक्ष्मण उप्रेती लगायतको आतिथ्यता रहेको थियो ।

## बसपार्कबाट लागूऔषधसहित २ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ मकवानपुर प्रहरीले ५ सय २४ एम्पुल लागुऔषध सहित २ जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले हेटौंडा-१० बसपार्कबाट लागुऔषध सहित वीरगंज-१६, पर्साका १९ वर्षीय महमद ईमरानमन्सुर तथा वीरगंज-१ का १९ वर्षीय सुनिल साहलाई नियन्त्रण लिएका हो ।

साउन १५ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीटोलीले हेटौडा-१० बसपार्कमा ना ६ ख ८९३७ नम्बरको बसलाई जाँच गर्दा मन्सुरले बोकेको झोलाबाट लागुऔषध डाईजेपाम १ सय ९९ एम्पुल, फेनार्गन १ सय ९५ एम्पुल, बुप्रिनुर्फिन १ सय ९० एमपुल गरी जम्मा ५ सय २४ एम्पुल फेला परेको मकवानपुर प्रहरीप्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । लागुऔषध सहित मन्सुर र साहलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# कुरोमा रुमल्लिनु भन्दा काममा लागौं

कृषि र पर्यटनबाट नगरको समृद्धि खोजेको थाहा नगरपालिकाले नगरमा चिया तथा कफी खेतीको परीक्षण सुरु गरेको छ । चिया र कफी खेती गरेर पर्यटक भित्राउने र चिया र कफीको व्यावसायिक खेती गर्ने योजना अघि सारेको छ । तर, स्थानीय संचारमाध्यममा यस्तो समाचार अयो कि अहिल्यै वा तत्काली जादुको छडी घुमाएजस्तो थाहा नगर नै चिया र कफीमय भएको छ । यो परीक्षण मात्रै हो भन्ने कुरा हामीलाई थाहा छ तर, दामनपालुङ उपत्यका पूरै चियाबगानले ढकमक्क भयो र कफीको बोट लहलह भइसक्यो भने जस्तो समाचार बनाएर हामीले कामलाई भन्दा बढी प्रचारबाजीलाई जोड दिइरहेका छौं । यो पक्का हो कि थाहा नगरमा चिया र कफीको सम्भावना छ । सम्भावना छ भनेर हात बाँधेर बसिरहने हो भने हाम्रो चिया बगान कस्तो होला ? १०/२० रोपनीको पाखोमा चियापत्तीको खेती गर्दैमा हामी पूरै ब्यावसायिक हुने पक्कै होइन ।

ब्यावसायिकता हुन अहिले थाहा नगरबासीले आलु, काउली खेती गरेको जस्तै चिया र कफीको खेती गरेको हुनुपऱ्यो । थाहाका स्थानीयको खेतबारीमा त बेमौसमी तरकारी फलिरहेको छ । यसले राम्रै आम्दानी पनि दिइरहेको छ । अब साँच्चै चियाको बगान बनाउने हो भने चुत्रो र घँगारुले ढाकेको पाखाभित्तामा चियाखेती हुनुपऱ्यो । ठूला र हुर्किका रुखमुनी रहेका काँडाघारी फाँडेर चिया र कफीको बिरुवा रोप्नु पऱ्यो । केवल प्रचारबाजीमा ध्यान दिएरमात्र चियाबगान बढ्नेवाला छैन । थाहा नगर आफैंमा प्राकृतिक संग्रहालय हो । जैबिक बिबिधताको स्वर्ग हो तर, यसको महत्वलाई थाहा नगरबासीले पहिचान गर्न सकेका छैनन् । थाहा नगरपालिकाको समुद्री सतहदेखि करिब २ हजार मिटरको हाराहारीमा छ । समशितोष्ण हावापानी भएका कारण यहाँको चिया र कफी उत्पादन गुणस्तरीय हुन सक्छ । थाहानगरमा चियाखेतीको परीक्षण ४ वर्ष पहिले टिस्टुङबाट गरिएको थियो । चारवर्षमा जति चियाखेती फैलनु पर्ने थियो त्यो हुन सकेको छैन । गफ मात्र ठूलो गरेर संमृद्धि आउनेवाला छैन । भाङ्खोरिया, खानीगाउँ, दम्कीपाखो, दामन, सीमभञ्ज्याङ, टिस्टुङ नौखण्डे, कुटीप्वाकल, कुन्छाल, डाँडेबास, मोरिया, जहाँ गएपनि पाखाभित्तामा चियाको बोट देखिनु पऱ्यो अनिमात्र ब्यावसायिक उत्पादन हुन थालेको भन्न सकिएला । एउटा सामुदायिक वनको नर्सरीमा ४०० बिरुवा टक्दा-७८ नामक चियाको विरुवा रोपेर ब्यावसायिक भनिरहँदा यो समाचार पढ्ने पाठकलाई काउकुती नलाग्ला त ? थाहा नगरका स्थानीय जनप्रतिनिधि कृषि र पर्यटन क्षेत्र बुझ्ने खालका छन् । नगरबासीको आयश्रोत धानिरहेको कृषि पेशालाई निरन्तरता दिएरै चियाखेतीको बिस्तार गर्न सकिन्छ । नगरमा खेर गइरहेका जमिन पर्याप्त छन् । त्यो सबै खाली जमिनलाई बैज्ञानिक रुपमा ब्यवस्थापन गरौं र चियाको बिरुवा रोपौं ।

एक वर्षको अधिकांश बजेट थाहा नगरपालिकाले चियाखेतीका लागि बिनियोजन गरौं । सरकारी, पर्ती, नम्बरी, ऐलानी, रैकर, गुठी जुनसुकै रुपमा रहेका जग्गामा चियाको बिरुवा रोपौं । आफ्नो घर वरीपरीका बिरुवा हुर्काउने अभियानमा नगरबासीको प्रतिबद्धता लिने/दिने ब्यवस्था गरौं । साँच्चै थाहा नगरलाई चियाको बगानको रुपमा हेर्ने हो भने चियाको बिज्ञहरु, वातावरणबिद, भुगोलबिद, कानूनबिद् सबैसँग छलफल गरेर नगरपालिकाले यसको नेतृत्व लिनुपर्छ । चियाको बिरुवा हुर्काउने जिम्मेवारी जस्ले लिन्छ त्यसको प्रतिफल वा आम्दानी पनि उसैले पाउने गरी नगरपालिकाले नेतृत्व गर्नु राम्रो होला । नत्र ४ सय बिरुवा रोपेर ब्यावसायिक खेत सुरु भयो भन्दै मख्ख पर्ने हो भने थाहा नगरको संमृद्धि कहाँ पुग्ला ? रुपचन्द्र बिष्टको जन्मथालोमा कर्मयोगी नागरिक बसोबास गर्छन् भन्ने पहिचान थाहानगर बासीले दिनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन १८ गते बिहीबार ३ अगष्ट २०२३ । द्वितीया, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२८, सूर्यास्त ६:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानी |

# निर्वाचन आयोगले देखाएको बदनियत



✍ जगन्नाथ लामिछाने

निर्वाचन आयोगले संघीय तथा प्रदेश सभाको लागि चुनाव लडेका झन्डै २५०० जना उम्मेद्वारलाई निर्वाचन खर्च सार्वजनिक नगरेको भनेर साउनको दोस्रो हप्ता प्रति उम्मेद्वार रु.१५ हजार जरिवाना सहित सूची प्रकाशित गर्यो । यो जरिवानाको सूचना निर्वाचन भएको मितिको ७ महिनापछि हो ।

चुनाव सम्पन्न भएको ५ महिनापछि गत वैशाखमा निर्वाचन आयोगले ७ दिने सूचना निकालेर आयोगमा निर्वाचन खर्च विवरण बुझाएका उम्मेद्वारहरुलाई आफ्नो खर्च विवरण सार्वजनिक गरेर आयोगमा पुन: जानकारी दिन निर्देशन गरेको रहेछ ।

आयोगको यो सूचना म लगायत २५०० भन्दा बढी उम्मेद्वारले पत्तै पाएनौं । जसको परिणाम स्वरुप निर्वाचन आयोगले हामी संघ र प्रदेशको झन्डै २५०० उम्मेद्वारलाई प्रति उम्मेद्वार १५ हजार रुपैयाँ दण्डित गर्दै साउनमा सूचना निकालेको जानकारी पाइयो ।

यो दण्डको सूचना पत्र-पत्रिकामा देखेपछि अरु उम्मेद्वार जस्तै म पनि झसंग भएँ । म लगायत जतिले निर्वाचन आयोगमा खर्च विवरण समयमा बुझाएनौं, सायद कसैको पनि नियत निर्वाचन आयोगलाई अटेर गरौं भन्ने होइन तर पाँच महिनापछि निर्वाचन आयोगले ७ दिने सूचना निकालेर खर्च विवरण सार्वजनिक गर्नु भन्नु आफैंमा आयोगको छलकपट तथा बदनियतपूर्ण निर्देशन थियो ।

आयोगको छलकपटपूर्ण तथा स्वेच्छाचारी निर्णयलाई सदर गर्ने गरी नेपाली कांग्रेसका महामन्त्री लगायत केही नेताहरुले जरिवाना तिरेको देखेपछि म छक्क परिरहेको छु तर पनि राष्ट्रिय स्वतन्त्र पार्टीका केही नेताहरुले आयोगको निर्णयलाई चुनौती दिँदै अदालत पुगे र अदालतले पनि अन्तरिम आदेश दिँदै निर्वाचन आयोगको निर्णय केही समयको लागि रोकेपछि यो विषयले बहसको रुप लिनुपर्दछ भन्ने मेरो अपेक्षा छ ।

निर्वाचन आयोगमा चुनावी खर्च बुझाइसकेका उम्मेद्वारहरुको हकमा निर्वाचन आयोगले लगाएको जरिवाना गलत छ र यसको प्रतिवाद गर्न जरुरी छ । मैले बुँदागत रुपमा यो निर्णयबाट निर्वाचन आयोगले देखाएको बदनियत र छलकपटपूर्ण कार्यको चर्चा गर्ने प्रयास गरेको छु ।

**१. उम्मेद्वारले खर्च सार्वजनिक गर्ने भनेको के हो ?**

निर्वाचन आयोगले तोकेको नियम प्रक्रिया पूरा गरेर, आयोगलाई तिर्नुपर्ने दस्तुर तिरेर निर्वाचनमा भाग लिएको प्रतिनिधिले चुनावी प्रक्रिया सकिएपछि आफ्नो खर्च विवरण निर्वाचन आयोगको कुनै कार्यालयमा बुझाइसकेपछि र आयोगले खर्च बुझेको प्रमाण उम्मेद्वार वा उम्मेद्वारको प्रतिनिधिलाई दिइसकेपछि त्यसलाई सार्वजनिकीकरण गरेको नमान्नु र नबुझ्नु आयोगले आफैंप्रति पालेको भ्रमको खेती हो ।

कुनै पनि उम्मेद्वारले निर्वाचन र लोकतन्त्रलाई नै बलियो बनाउने काममा समर्पित संवैधानिक आयोगमा आफ्नो खर्च विवरण बुझाएपछि त्यसलाई आयोगले आफ्नो आधिकारिक माध्यमबाट सार्वजनिक गर्न सक्दैन र आफूले प्राप्त गरेको विवरण नै सार्वजनिक हो भन्ने विश्वास बोक्न सक्दैन भने त्यो आयोग लोकतन्त्रको पहरेदार बन्न सक्दैन ।

मलाई खर्च विवरण बुझाउ, तिमीहरुले त्यसलाई सार्वजनिक गरेर हाम्रो कार्यालयमा फेरि प्रमाण पेश गर भन्नु आयोगले कानुनको नाममा पालेको पाखण्डपन हो ।

उम्मेद्वारले बुझाएको खर्च विवरणमा पारदर्शिता खोज्नु, शंका लागेको स्रोतमाथि अनुसन्धान गर्नु, निर्वाचन प्रणाली सुधार गर्नु, निर्वाचनलाई कम खर्चिलो बनाउनु जस्ता कार्यहरु आयोगको जिम्मेवारी र कर्तव्य हो । आफ्नो खर्च विवरण समयमै बुझाएका उम्मेद्वारहरुलाई उल्टो दु:ख दिन खोज्नु आयोगको चरित्र भन्दा बाहिरको कुरा हो ।

**२. आयोगले चुनाव सकिएको ५ महिनापछि खर्च विवरण सार्वजनिक गर भन्दै निकालेको सूचनाभित्र लुकेको नियत:**

चुनाव अगाडि वा चुनावलगत्तै निर्वाचन आयोगबाट खर्च विवरण सार्वजनिक गर्ने विषयमा कुनै प्रष्ट निर्देशन नभए पनि म जस्ता धेरै उम्मेद्वारले सोधखोज गर्दै आफ्नो खर्च विवरण निर्वाचन आयोगको कार्यालयमा बुझाएर आफ्नो नियमित काममा फर्कियौं ।

एकपटक उम्मेद्वार बनेको मान्छे सधैंभरि निर्वाचन आयोगको सूचना पर्ख्याउँदै बस्ने कुरा पनि भएन । अहिले पनि निर्वाचनमा उम्मेद्वार बन्नेहरुको आम बुझाइ खर्च विवरण सार्वजनिक गर्नु भनेको निर्वाचन आयोगसमक्ष आफ्नो विवरण पेश गर्नु भन्ने छ ।

यदि उम्मेद्वारले आफ्नो खर्च विवरण सार्वजनिक गर्नु भनेको आयोगमा खर्च विवरण बुझाउनु मात्र होइन भने निर्वाचन आयोगले यस्तो कुरा निर्वाचनको ५ महिना पछाडि होइन, चुनाव अगाडि नै आफ्नो निर्देशिका मार्फत सबैलाई जानकारी गराउनुपर्दथ्यो ।

उम्मेद्वारले खर्च सार्वजनिक गर्ने कुरलाई निर्वाचन आयोगले बदनियत राखेर पैसा असुल्ने औजार बनाएको छ । होइन भने, आयोगले कुनै पनि उम्मेद्वारलाई यो प्रक्रियाको बारेमा सुसूचित गर्ने काम जिम्मेवारीपूर्वक गरेको देखिँदैन । उदाहरणको लागि, आयोगको असल नियत हुन्थ्यो भने, उसले चुनाव अगाडि वा चुनाव सकिने बित्तिकै सहज ढंगको सार्वजनिक सूचना निकाल्न सक्थ्यो । निर्वाचन माहोलको बेलामा सूचना पनि प्रभावकारी हुन्थ्यो ।

आयोगले हरेक उम्मेद्वारलाई आफ्नो निर्वाचन खर्चको सम्बन्धमा निर्देशिका मार्फत भन्न सक्थ्यो: तिमीहरुले आफ्नो निर्वाचन क्षेत्रमा खर्च सार्वजनिक गर, त्यसको मुचुल्का उठाउ अनि आयोगमा प्रमाण सहित दर्ता गर । एकै पटकमा सहज ढंगले चुनावलगत्तै हुने काम आयोगले नगरिकन आफैंले बुझेको खर्च विवरण सार्वजनिक नमान्ने, आफैंले आफ्नो विद्युतीय संजालमा पारदर्शी ढंगले सबैको खर्च विवरण राख्न नसक्ने अनि चुनाव भएको ५ महिनापछि म्याउँ गर्दै कानुनी छिद्रबाट पैसा असुल्न खोज्ने निर्वाचन आयोगको प्रवृत्ति गलत छ । कि त आयोगले आफूले प्राप्त गरेका निर्वाचन खर्च विवरण आफ्नो प्लेटफर्ममा सबैले हेर्न, देख्न पाउने गरी सार्वजनिक गर्नुपर्छ होइन भने खर्च सार्वजनिक गर्ने कानुनी प्रक्रिया सरल, पारदर्शी र समयसापेक्ष बनाउनुपर्दछ ।

**३. लोकतन्त्रलाई दरिलो बनाउने आयोग आफैं छाडा र अलोकतान्त्रिक बाटोमा हिंड्ने होइन:**

निर्वाचन आयोग लोकतान्त्रिक प्रक्रिया र पद्धतिको मेरुदण्ड हो । देशमा लोकतान्त्रिक थिति बसाल्न स्थापित आयोग आफैंले कानुनी छिद्रको कमजोरी खोज्दै चुनावी प्रक्रियामा सहभागी उम्मेद्वारहरुलाई बेला न कुबेला दु:ख दिने अनि पैसा असुल्ने नियत बोक्नु दु:खद छ ।

निर्वाचन आयोगले कानुनी छिद्रको च्याखे थापेर पैसा असुल्ने काम बन्द गर्नुपर्दछ । निर्वाचनको ५ महिना पछाडि गलत नियतले दिइने निर्देशन स्वीकार्नुहुँदैन । यदि आयोगलाई पैसाकै अभाव परेको हो भने सबै मिलेर पैसाको जोहो गर्न लागौं । निर्वाचन आयोग आफैंले छाडा र अलोकतान्त्रिक माध्यमबाट पैसा असुल्न लाग्ने होइन ।

गत वर्षको स्थानीय तथा संघीय र प्रादेशिक चुनावमा निर्वाचन आयोगले चुनाव पछाडि जसरी उम्मेद्वारहरुलाई बदनियत गर्ने र नियोजित कानुनी च्याखे थापेर आर्थिक जरिवाना थोपर्ने काम गरेको छ, वास्तवमा अहिलेका प्रमुख निर्वाचन आयुक्त लगायत अरु सबै आयुक्तहरु पदच्युत गरेर कानुनी कारबाहीको भागीदार बनाउन योग्य छन् । मलाई विश्वास छ, अदालतले निर्वाचन आयोगले देखाएको स्वेच्छाचारी तथा अलोकतान्त्रिक गतिविधिमाथि लगाम लगाउने छ ।

*(साभार: अनलाइनखबर)*

# दलित ज्ञान उत्पादनको सकस

✍ पदम सुन्दास

दलित ज्ञानलाई ज्ञानै नमान्ने जात व्यवस्थामा आधारित समाजमा औपचारिक ढंगले दलित सवालमा अध्ययन-अनुसन्धानको इतिहास धेरै लामो हुने कुरै भएन । जोसँग शास्त्र र शस्त्रको पहुँच थियो, उनीहरूले नै ज्ञान उत्पादन र राज्य संरचनामा एकाधिकार कायम राख्नु स्वाभाविक नै थियो ।

नेपाली समाजमा ज्ञान उत्पादनमा ब्राह्मण समुदायको वर्चस्व नयाँ होइन । ज्ञान उत्पादनका औपचारिक र अनौपचारिक संरचनामा दलित समुदायको निरन्तरको बहिष्करणले जातद्वारा सृजित असमानता र विभेदबारे आलोचनात्मक ज्ञान उत्पादन हुने सम्भावना रहेन । फलस्वरूप आम बुद्धिजीवी समुदायमा पनि लामो समयसम्म दलित तथा उत्पीडित समुदायप्रतिको दृष्टिमा खासै भिन्नता आउन सकेन । राजनीतिक र सांस्कृतिक रूपमा बहिष्कृत दलित मुद्दा बौद्धिक रूपमा पनि लामो समयसम्म बहिष्कृत विषय बनिरह्यो ।

ज्ञान उत्पादन र लेखनमा एउटै वर्ग-जात-लिंगको निरन्तरको वर्चस्वले दलित समुदायका बारेमा जे-जति सुरुआती अध्ययन-अनुसन्धान भए, ती स्वाभाविक रूपमै यस्ता समुदायमाथि चासो र चिन्ता राख्ने वर्चस्वशाली समुदायभित्रका केही व्यक्तिबाट मात्र सम्भव भयो । दलित ज्ञान उत्पादनको इतिहास हेर्दा पनि सुरुआती चरणमा गैरदलित समुदायका व्यक्तिहरूबाटै यस कार्यको सुरुआत भएको देखिन्छ ।

विक्रम संवत् १९९२ सालमा 'मुनामदन' को प्रकाशनसँगै साहित्यमा जातीय सवालले व्यापकता पाएको मान्न सकिन्छ । यद्यपि, दलित समुदायबाटै दलित विषयमाथि साहित्य लेखनको इतिहास भने २००६ सालमा प्रकाशित टीआर विश्वकर्माको 'आँखाप्रति' कविताबाट सुरु हुन्छ ।

२००८ सालदेखि मात्रै अन्य जातका सरह दलित समुदायका बालबालिकाले पनि सार्वजनिक शिक्षालयहरूमा पढ्ने सुविधा पाएको सन्दर्भमा यसअघि दलित समुदायबाट ज्ञान उत्पादनमा सक्रिय उपस्थिति हुन नसक्नु स्वाभाविक थियो । तर, २०२० सालको सेरोफेरोबाट जवाहर रोका र टीआर विश्वकर्माहरूबाट सुरु भएको दलित ज्ञान उत्पादनको जबर्जस्त प्रयासले दलित लेखनमा बलियो जग बसाल्ने काम गऱ्यो । त्यसपछि दलित आन्दोलनको दोस्रो पुस्ताका यो पंक्तिकारसहित रणेन्द्र बराली, रूपलाल विश्वकर्मा, रामशरण दर्नाल लगायतले दलित ज्ञान उत्पादनमा बलियो आधार निर्माण गर्ने काम गरे ।

२०४६ सालको परिवर्तनपछि दलित समुदायका तर्फबाट ज्ञान उत्पादनका व्यक्तिगत प्रयासहरूले व्यापकता पाए । विभिन्न वर्ग-जात र लिंगका मुद्दा मुखर रूपमा उठे । यद्यपि, यसबीचका दलित लेखनले दलित गौरवको इतिहासभन्दा पनि जातका आधारमा भएका हिंसा र बहिष्करणलाई बढी प्राथमिकता दिए । यस्ता लेखनले दलितलाई दु:खी, दीनहीन, पीडित, असहाय र आफ्नो मुक्तिका लागि आफैं लड्न नसक्ने समुदायका रूपमा भाष्य निर्माण गरे । फलस्वरूप यस्ता लेखनले दलित समुदायलाई थप सशक्त र हस्तक्षेपकारी बनाउन सकेन ।

दलित सवालमाथि ज्ञान उत्पादनको संगठित प्रयास भने २०६२/६३ सालको जनआन्दोलनसँगै सुरु भयो । यसको जस समता फाउन्डेसन नामको नाफा वितरण नगर्ने कम्पनीलाई जान्छ । यही पंक्तिकारको नेतृत्वमा यो संस्थाले २०६६ सालदेखि दलित अधिकारका लागि अनुभवजन्य र नीतिगत अनुसन्धानलाई मुख्य प्राथमिकतामा राखेर काम सुरु गऱ्यो । यो अभियानमा मदन परियार, ठाकुर ढकाल, सुमित्रा मानन्धर र सुभाष दर्नाल पनि जोडिए ।

आजको दिनसम्म आउँदा आहुतिजस्ता होनहार प्राज्ञिक व्यक्तित्वहरूले दलित मुद्दालाई सम्बोधन नगरी नहुने प्राज्ञिक मुद्दाका रूपमा स्थापित गर्न मद्दत पुऱ्याएका छन् । दलित आन्दोलनमा प्रत्यक्ष सहभागी नभए पनि प्राज्ञिक कर्म गर्दै आएका दलित र गैरदलित समुदायका संगठित र कतिपय असंगठित युवाहरूले दलित सवाललाई विभिन्न कोणबाट बुझ्न र संगठित गर्नमा मद्दत पुऱ्याइरहेका छन् ।

### सहभागिताको प्रश्न

निजी स्तरमा सञ्चालित र सामाजिक विकासका क्षेत्रमा क्रियाशील दलित नागरिक संस्थाहरूभित्र सहभागिताको प्रश्न निकै पेचिलो बन्ने गरेको छ । यस्ता संस्थाहरूमा दलितभित्रका एकै जात र लिंगका व्यक्तिहरूको सहभागिता, दलित महिलाहरूको न्यून सहभागिता, मधेशी दलितहरूको बहिष्करण र यौनिक अल्पसंख्यक व्यक्तिहरूको पहिचान अहिलेका सन्दर्भमा मुख्य मुद्दाका रूपमा उठिरहेका छन् । दलित नागरिक संस्थाहरू दलित आन्दोलनकै एक हिस्सा हुन् । यस हिसाबले दलित आन्दोलनको आन्तरिक लोकतन्त्रबारे पटक-पटक छलफल हुनुले यसलाई पक्कै पनि थप बलियो नै बनाउँछ ।

दलित नागरिक संस्थाभित्रको सहभागिताबारे छलफल गर्दा मुख्यत: दुई पक्ष हेर्नुपर्ने हुन्छ । पहिलो, दलित समुदायभित्रका विविधताका आधारमा मधेश, पहाड, महिला, अपांगता भएका र यौनिक अल्पसंख्यकहरूको सहभागिताको प्रश्न । दोस्रो, दलित नागरिक संस्थाहरूभित्र गैरदलितहरूको सहभागिताको प्रश्न ।

दलित आन्दोलनमा दलितभित्रका विविधताको प्रतिविम्ब देखिनुपर्नेमा कसैको विमति छैन । यद्यपि, दलित आन्दोलन समावेशी भएन भन्ने निहुँमा दलित समुदायमाथिको राज्यसंरक्षित बहिष्करण र विभेद स्वीकार्य हुनै सक्दैन । आन्दोलनलाई समावेशी बनाउन, सबैको अपनत्व सृजना र लाभको समानुपातिक बाँडफाँट गर्नका लागि दलित आन्दोलन सधैं प्रयासरत छ र यसका लागि सक्षम पनि छ । यद्यपि, सहभागिताको प्रश्नमा आधारित भई दलित आन्दोलनलाई नै अपमानित गर्ने प्रयासबारे भने समग्र दलित आन्दोलन सचेत हुनैपर्छ ।

त्यस्तै, केही समयदेखि गैरदलित समुदायभित्रको एउटा समूहले दलित संस्थाभित्र गैरदलितहरूको सहभागिताको पक्षपोषण र वकालत गर्दै आइरहेको छ । यो पक्षपोषण हस्तक्षेपको चरणसम्म आइपुगेको सबै दलित नागरिक संस्थाले महसुस गरेका छन् । दलित आन्दोलन जहिल्यै गैरदलित समुदायसँग सहकार्य गर्न चाहन्छ तर अहिलेको अवस्थामा दलित नागरिक संस्थाहरू र आन्दोलनमा गैरदलितको नेतृत्व हुनुपर्छ भन्ने भाष्य पूर्णत: दलितविरोधि छ । यस कार्यमा पछिल्लो समय स्रोतसाधनको बलमा आन्दोलनभित्रका केही दलितलाई मुठीभर लिने र दलित आन्दोलनलाई कहिल्यै एक हुन नदिने स्वार्थ समूह बलियोसँग लागेको देखिन्छ ।

हजारौं वर्षदेखि जात व्यवस्थाविरुद्ध संघर्ष गरिरहेका दलित समुदायहरू आफ्नो मुक्तिको बाटो आफैं तय गर्न सक्षम छन् । व्यक्तिगत सम्मान, आर्थिक लाभ र आफूलाई सामाजिक न्यायको पक्षपाती देखाउने तर राजधानी जस्तो ठाउँमा दलित समुदायमाथि भएको विभेदविरुद्ध दलित आवाजलाई निस्तेज पार्न उद्यत हुने गैरदलित अभियन्ताहरूबाट भने दलित आन्दोलन सचेत हुनैपर्छ ।

ज्ञान उत्पादनमा अन्तरदलित सहभागिताको प्रश्न र महिला तथा यौनिक अल्पसंख्यक समुदायको यस क्षेत्रमा न्यून उपस्थिति हाम्रा लागि पक्कै पनि मुख्य चुनौती हुन् । भएका सीमित प्राज्ञिक व्यक्तिहरूको तीव्र पलायन र यो समुदायबाट उठेका युवा प्राज्ञिक व्यक्तित्वहरूलाई गैरदलित प्राज्ञिकहरूले नजर अन्दाज गर्ने प्रवृत्ति पनि डरलाग्दो बन्दै गएको छ । केही समयअघि आफूलाई दलितमुखी अध्येता र लेखकका रूपमा चिनाउँदै आएका एक निजी दलित प्राज्ञिक संस्थाका कर्मचारीले मिडियाको दुरुपयोग गर्दै आफू कार्यरत संस्थाका अध्यक्षको प्राज्ञिक क्षमतामाथि प्रश्न उठाएका थिए । यो एउटा उदाहरण मात्र हो । दलित समुदायका पढेलेखेका युवा र अग्रजहरूको ज्ञान र अनुभवलाई निषेध गर्ने प्रवृत्ति जतातत्तै छ । यस्तो स्थिति आउनुमा नेपालमा समाजविज्ञानमाथिको प्राज्ञिक अनुसन्धानको कलिलो इतिहास मात्र होइन, दलितको सवाललाई अन्य समुदायका मुद्दाका तुलनामा गौण मानिने प्रवृत्ति पनि मुख्य कारक रहेको छ । त्यसै गरी दलित समुदायको शिक्षामाथिको कमजोर पहुँच र 'जातवादी ज्ञानसत्ता' विरुद्ध वैकल्पिक ज्ञान निर्माणको पर्याप्त संगठित प्रयासको अभाव पनि हो । यसको दोष एकांगी रूपमा दलित आन्दोलनलाई मात्र दिनु न्यायसंगत होइन । यसले त बरु 'पहिले दलितभित्रको विभेद अन्त्य गर...' भन्ने पञ्चायती भाष्यलाई निरन्तरता दिन्छ । वर्षौंदेखि अपमान र बहिष्करणमा परेको समुदायलाई थप अमानवीयकरण गर्नका लागि जातमा आधारित राज्य संरचनालाई थप मद्दत पुऱ्याउँछ ।

कानुनी रूपमै अछुत, पानी नचल्ने र मासिन्या जात भन्दै राज्यले दमन र दलन गरि रहेको समुदायमाथि प्राज्ञिक अनुसन्धान र लेखन हालसम्म पनि धेरै आशाजनक हुन नसकेको दलित आन्दोलनले स्वीकार गर्नैपर्छ । यसका लागि वैकल्पिक विचार र थप संगठित प्रयत्न जरुरी छ । यद्यपि, यस्ता संगठित प्रयत्न कति दिगो हुन्छन्, हामीले अहिल्यैदेखि सोच्नुपर्छ ।

### प्राज्ञिक संस्थाको दिगोपन

नेपालमा ज्ञान उत्पादनमा संलग्न प्राज्ञिक संस्थाहरूका लागि राज्यस्तरबाट आर्थिक

**दातृ निकायबाट प्राप्त हुने स्रोतको सीमितता र संस्थाहरूको आन्तरिक किचलोका कारण दलित प्राज्ञिक संस्था र अन्य गैरसरकारी संस्थाहरूको दिगोपनको प्रश्न सधैं उठ्ने गरेको छ ।**

सहयोगको अपेक्षा गर्न सकिने अवस्था छैन । सरकारी तवरबाट सञ्चालित प्राज्ञिक निकायहरूको अवस्थासमेत दयनीय छ । त्यस्ता निकायहरूमा दलित समुदायको नगण्य सहभागिता छ । प्रज्ञा प्रतिष्ठानदेखि विश्वविद्यालयसम्म दलित समुदायको नगण्य सहभागिता यसको उदाहरण हो । त्यसैले समुदाय र दातृ निकायका भरमा संस्था चलाउनुपर्ने बाध्यता छ । नागरिक संस्थाहरूका आफ्नै आम्दानीका स्रोतहरू छैनन् ।

दलित समुदायका सन्दर्भमा समुदाय आफैंले आर्थिक स्रोत जोहो गरेर ज्ञान उत्पादन गर्न सक्ने वातावरण बनिसकेको छैन । यस्तो अवस्थामा दातृ निकायको भर पर्नुको विकल्प छैन । यद्यपि, दातृ निकायबाट प्राप्त हुने स्रोतको सीमितता र संस्थाहरूको आन्तरिक किचलोका कारण दलित प्राज्ञिक संस्था र अन्य गैरसरकारी संस्थाहरूको दिगोपनको प्रश्न सधैं उठ्ने गरेको छ ।

दलित संस्थाहरूमा आन्तरिक किचलोका घटनाहरू पनि खासै नौला होइनन् । दलित आन्दोलनमा दलित नागरिक संस्थाहरू गठन हुने र फुट्ने प्रवृत्ति पुरानै हो । यसअघि सन् १९९६ मा स्थापना भएको दलित गैरसरकारी संस्था स्थापनाको केही वर्षपछि प्राप्त स्रोत र साधन कसले परिचालन गर्ने भन्नेमा विवाद हुन गई विभाजित भएको थियो । त्यो विभाजनले दलित आन्दोलनलाई लामो समयसम्म प्रभाव पाऱ्यो ।

आज पनि विभिन्न दलित नागरिक संस्थाभित्र फुट ल्याउने र दलित आन्दोलनलाई नै बदनाम गराउने 'गिरोह' हरू सक्रिय छन् । यस्ता कार्यमा दलित आन्दोलनप्रति खासै चासो नभएका दलित र गैरदलित समुदायका केही स्वार्थ समूहको संलग्नता रहनुले अन्य प्रगतिशील गैर दलित समुदायलाई पनि असर परेको छ । यो मुख्यत: दलित सवालमा ज्ञान कर्म गरिरहेका नागरिक संस्थाहरूलाई जात व्यवस्थाविरोधी ज्ञान उत्पादनमा जुनसुकै बहानामा निषेध गर्ने प्रपञ्च हो । यसका लागि दलित समुदाय स्वयंले आन्दोलनलाई सामुदायिक, बलियो र स्वावलम्बी बनाउन आफैं लागिपर्नुपर्ने आवश्यकता बोध भएको छ । अन्यथा दलित प्राज्ञिक नागरिक संस्थाहरूको दिगोपन सधैं जोखिममा रहिरहनेछ ।

*(साभार: ई-कान्तिपुर)*

# वीरगञ्जमा पिउने पानीको हाहाकार, चापाकल सुकेपछि जमिनमुनिको तह नापिँदै





काठमाडौं/खानेपानीको चरम अभाव झेल्दै आएको वीरगञ्ज महानगरपालिकाले दीर्घकालीन समाधानका विभिन्न उपायहरूको खोजी सुरु गरेको छ । महानगरले मंगलबारदेखि प्रविधिमार्फत पानीको भू-सतह पत्ता लगाउन अध्ययन अनुसन्धान सुरु गरेको छ ।

गत शुक्रबार खानेपानी मन्त्री महिन्द्रराय यादवसँग भेट गर्दै महानगरका मेयर राजेशमान सिंहले वीरगञ्जमा पानीको भू-सतह पत्ता लगाउन मेसिनसहित विज्ञको टोली पठाइदिन आग्रह गरेका थिए ।

सोही अनुरुप मन्त्रालयबाट आएको विज्ञ सहितको प्राविधिक टोलीले महानगरको विभिन्न स्थानमा पुगेर प्रविधिमार्फत पानीको भू-सतहको बारेमा अध्ययन थालेको हो ।

मंगलबार महानगर पालिकाको वडा नम्वर १ देखि १६ सम्मका वडाका विभिन्न स्थानमा 'ग्राउण्ड एक्स-रे' मेसिनबाट पानीको भू-सतह मापन गरिएको प्राविधिक टोलीको नेतृत्व गरेका जसपाका नगर अध्यक्ष ईश्वरचन्द्र यादवले जानकारी दिए । 'ग्राउण्ड एक्स-रे' मार्फत जाँच गर्दा यहाँको पानीको सतह ६० देखि ८० मिटरसम्ममा जमेको देखाएको तथा १२० देखि १३५ मिटरको सतहमा मात्रै उचित सतह भेटिएको प्राविधिक टेकराज भुषालले जानकारी दिए । टोलीले महानगरपालिकाको ३२ वटै वडामा पुगेर भू-सतहको मापन गरेर प्रतिवेदन बुझाउने छ ।

कतिपय वडामा पानीको भू-सतह एकै प्रकारको देखिएको भए पनि कतिपय वडामा फरक-फरक समेत भेटिएको अर्का प्राविधिक सुनिल खनालले जानकारी दिए ।

महानगरले अब पानीको दीर्घकालीन उपाय खोज्न प्रविधि मार्फत पानीको भू-सतहको पहिचान गर्ने कामलाई अघि बढाएको र यसै अनुरुप डिप बोरिङ तथा चापाकल लगाउने मापदण्ड तय हुने छ ।

वर्षा नहुँदा वीरगञ्ज लगायत यस क्षेत्रमा घरघरमा लगाइएका अधिकांश चापाकल सुक्दा अहिले दैनिक प्रयोग गर्ने पिउने पानीको समस्या देखिएको छ ।

**ट्यांकरमार्फत घरघरमा पानी वितरण**

पानीको समस्या समाधानका लागि महानगरपालिकाले विभिन्न वडामा ट्यांकरबाट पानी वितरण गर्नुका साथै अस्थायी रुपमा ट्याङ्रुकी नै राखेर घरघरमा पानी पुऱ्याउने प्रयास गरिरहेको छ ।

महानगरले वडाहरुमा पानी वितरणका लागि समय तालिका नै सार्वजनिक गरेर नगरवासीको प्यास मेटाउन लागि परिरहेको छ ।

नगरवासीको जनजीवन सहज बनाउन महानगरले समय नै तोकेर पानी वितरणका लागि तालिका सार्वजनिक गरेको महानगरका मेयर राजेशमान सिंहले बताए । बिहान ५ बजेदेखि राति ८ बजेसम्म विभिन्न २० वटा वडामा ट्यांकर मार्फत पानी वितरण गरिरहेको र अन्य वडामा पनि समस्या देखिए पानी उपलब्ध गराउन महानगर तयार रहेको मेयर सिंहले बताए ।

यसका साथै खानेपानी संस्थानको पाइपलाइन पुगेको विभिन्न वडाका सार्वजनिक स्थानहरुमा पनि धारा निकालेर पानी उपयोग गर्ने व्यवस्था मिलाइएको मेयर सिंहका स्वकीय सचिव अफरोज आलमले जानकारी दिए ।

अहिलेसम्म १० हजार लिटर क्षमताको १५ वटा र ५ हजार लिटर क्षमताको १६ वटा ट्याङ्कीप विभिन्न वडाका सार्वजनिक स्थानमा राखिएको आलमले बताए । खानेपानीको धारा तथा ट्याङ्की राख्ने काम अझै जारी रहेको तथा ट्यांकरबाट पानी वितरण गर्ने काम पनि सँगसँगै अघि बढाइएको उनले बताए ।

तत्कालै प्राकृतिक रूपमै जलस्तरमा सुधार आउने सम्भावना कम देखिएकाले महानगरले अहिले पानी ट्याङ्कीन मार्फत अस्थायी रूपमा समस्या समाधानको प्रयास गरिरहेको हो ।

यस वर्ष अपेक्षाकृत निकै कम वर्षा भएकाले समस्या आएको हो । 'यो प्राकृतिक विपत् भएकाले तत्काल पानीको अस्थायी व्यवस्थापनका लागि खानेपानी संस्थानसँगको समन्वयमा सार्वजनिक स्थानमा पानीको धारा जोड्ने काम गरिरहेका छौं,' मेयर सिंहले भने, 'ट्यांकर र टंकी राखेर महानगर आफैंले पानी वितरण गरिरहेको छ ।'

**धारा जडानलाई तीब्रता दिइँदै**

मेयर सिंहले मंगलबार खानेपानी संस्थानका अध्यक्षसहितको टोलीलाई वीरगञ्ज बोलाएर यहाँको अवस्थाबारे जानकारी गराएका छन् ।

संस्थानमा कर्मचारी अभाव रहँदा महानगरले लिएको लक्ष्य अनुरुप सार्वजनिक स्थानमा पानीको धारा जडान गर्न समय लागेको भन्दै तत्काल समस्या समाधान हुने गरी कर्मचारी थप गर्न मेयर सिंहले आग्रह गरे । जस अनुसार ६ जना मात्रै प्लम्बर रहेको संस्थानको वीरगञ्ज कार्यालयमा अब १६ जना प्लम्बर थप गरेर धारा जडानको कामलाई तिब्रता दिन लगाएको संस्थानका अध्यक्ष गुणाकर भुषालले जानकारी दिए ।

संस्थानले सार्वजनिक स्थानमा धारा जडान गर्ने कामलाई तीब्रता दिए पानीको हाहाकारबाट गुज्रिरहेका यहाँका नागरिकले राहत अनुभूति गर्ने विश्वास मेयर सिंहले बताए ।

सार्वजनिक धारा जडानका लागि महानगरले प्राविधिकको ४ वटा छुट्टा छुट्टै टोली नै खटाएको छ । महानगरको टोलीसँगै एक जना संस्थानको कर्मचारी पनि अनिवार्य हुनु पर्ने भएकाले संस्थानले आफ्नो कर्मचारी दिन नसक्दा महानगरबाट खटिएको टोलीले लक्ष्य अनुरुप काम गर्न सकेको छैन ।

मंगलबार भएको छलफलमा खानेपानी संस्थानले धारा जडान गर्न पाइप विच्छ्याउँदा महानगर क्षेत्रमा खनेको सडक र सडक पेटी यथासिघ्र छिटो मर्मत गरिदिने प्रतिबद्धता समेत जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'हिँड्दा हिँड्दै' ट्रेलरमा आकाशको सलोनसँग मित्रता, रेखासँग प्रेम



काठमाडौं/आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउन लागेको मिलन आले मगर निर्देशित फिल्म 'हिँड्दा हिँड्दै'को ट्रेलर सार्वजनिक गरिएको छ । ट्रेलरमा अभिनेताद्वय आकाश श्रेष्ठ र सलोन बस्नेतबीचको मित्रतासँगै प्रेममा आउने उतार-चढावलाई देखाउन खोजिएको छ । रेखा शाहको प्रेममा रहेका आकाश एक दुर्घटनापछि टाढिन खोजिरहेको देखिन्छ । सलोनको भूमिका भने चुलबुले स्वभावको छ ।

फिल्ममा आकाश, सलोन र रेखासँगै सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ, बाल कलाकारमा अर्विन थिङ्गको पनि अभिनय छ । नारायण सुशील पंगेनी इन्टरटेन्मेन्ट प्रालिको ब्यानरमा तयार भएको फिल्ममा सुशील पंगेनीको लेखन तथा निर्माण रहेको छ । विमल श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता राज लामा हुन् । त्यस्तै, प्रमोद कुमार तामाङ र महादेव शाह सह-निर्मातामा छन् ।

आरआर फिल्म्सले देशभर वितरण गर्न लागेको फिल्ममा सुमन कुमार तण्डुकारको छायांकन, गौतमराज खड्काको सम्पादन, देव महर्जनको द्वन्द्व, तारा प्रकाश लिम्बू तथा किरण माइकल घिमिरेको संगीत, कविराज गहतराज तथा सुरेन्द्र बसेलको कोरियोग्राफी छ । फिल्मको कन्टेन्ट बलियो रहेको दाबी गर्दै निर्देशक मगरले युवापुस्ताका दर्शकलाई विशेष मनपर्ने विश्वास व्यक्त गरेका छन् ।

# साम्राज्ञीलाई हिटको पखाई र 'नाङ्गो गाउँ'को आश



काठमाडौं/कमै अभिनेत्रीलाई डेब्यू फिल्मबाटै सफलताको उत्कर्षमा पुग्ने मौका मिल्छ । यसमानेमा भाग्यमानी अभिनेत्री हुन्, साम्राज्ञी आरएल शाह । पहिलो फिल्म 'ड्रिम्स'ले नै उनलाई युवापुस्तामा जबर्जस्त लोकप्रियता दिलायो । दोस्रो फिल्म 'ए मेरो हजुर २'को सफलताले उनको स्टारडम थप मजबूत बन्यो । यतिसम्मकी उनको स्टारडमले नै फिल्म चल्छ भन्ने विश्वास मेकरमा हुन थालिसकेको थियो ।

फिल्म वितरक तथा निर्माता सुनील मानन्धरले ६ महिना अगाडि एक अन्तर्वार्तामा भनेका थिए, 'रेखा थापापछि हिरोइनको नामले नै फिल्म चल्ने साम्राज्ञीको हो ।' तर, यो ६ महिनामा बागमतीमा धेरै पानी बगिसकेको छ । अघिल्लो वर्ष प्रदर्शनमा आएको साम्राज्ञी अभिनीत फिल्म 'तिम्रो मेरो साथ' र 'ह्यारी कि प्यारी'को दयनीय नतिजाले उनको नामले नै फिल्म चल्छ भन्ने भ्रम तोडिदिएको छ ।

यसअघि उनका 'कायरा', 'तिमीसँग', 'मारुनी' र 'रातो टीका निधारमा' पनि असफल भएका थिए । रिलिजको हिसाबले चौंथो फिल्म 'इन्टु मिन्टु लण्डनमा' भने ठीकठाक चल्यो । 'ड्रिम्स'पछि उनको नामैले हलमा दर्शक तानेको नदेखिएको होइन । तर, श्रृंखलाबद्ध विवादले उनको क्रेज कमजोर बनेको फ्लप फिल्मको बढ्दो संख्या प्रमाण हुन् । अब गुमेको क्रेज फर्काउनु पर्ने चुनौती उनमा छ ।

आगामी भदौ २९ गते उनी अभिनीत फिल्म 'नाङ्गो गाउँ' प्रदर्शन हुँदैछ । बक्स अफिसका हिट मेशिन मानिएका अभिनेता दयाहाङ राईको पनि फिल्ममा अभिनय छ । ब्लकबस्टर फिल्म 'छ माया छपक्कै'का निर्देशक दीपेन्द्र लामाले फिल्म निर्देशन गरेका हुन् । यसैले उनलाई यो फिल्मप्रति ठूलो आशा छ । फिल्म हिट भैदिएको खण्डमा उनको संकटउन्मुख करिअर लयमा फर्कन सक्नेछ ।

# उद्धव थापा २६ दिनमा दोस्रो पटक मुख्यमन्त्री, ३० दिन कटाउन कठिन

विराटनगर/कोशीमा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा दोस्रो पटक मुख्यमन्त्री नियुक्त भएका छन् ।

सभामुख बाबुराम गौतमको पनि समर्थनमा २१ असारमा मुख्यमन्त्री बनेका थापा २१औं दिनमा ११ असारमा सर्वोच्च अदालतको आदेशमा पदमुक्त भएका थिए । मंगलबार तीनै सभामुख गौतमलाई राजीनामा गराएर पुन: मुख्यमन्त्री नियुक्त भएका हुन् ।

सभामुखकै हैसियतमा सरकार निर्माणमा सामेल भएको भन्दै सर्वोच्च अदालतले थापाको नियुक्ति बदर गर्दै सरकार गठन प्रक्रिया पुन: सुरु गर्न परमादेश दिएको थियो । प्रदेश प्रमुख परशुराम खापुङले मंगलबार अपरान्ह ५ बजेसम्मको समय दिएर पुन: मुख्यमन्त्रीमा दाबी पेश गर्न आह्वान गरेका थिए ।

९३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । सत्ता गठबन्धनका नेताहरुले ६ प्रदेशसभा सदस्य भएको राप्रपाको समर्थनमा जुटाउने प्रयास गरेका थिए । राप्रपाले समर्थन नगरेपछि सभामुखको राजीनामा दिने विकल्प अघि सारे । किनकी सत्ता गठबन्धनसँग ४६ मत मात्र थियो ।

गौतमले मंगलबार सभामुख पदबाट राजीनामा दिएपछि माओवादी केन्द्रका सांसद संख्या १३ पुग्यो । कांग्रेसका २९, एकीकृत समाजवादी पार्टीका ४ र जसपाका एक गरी ४७ सांसदले सामर्थनसहित मुख्यमन्त्रीमा दाबी पेश गरे ।

लगते मुख्यमन्त्री नियुक्ति भएका थापाले सत्तारुढ गठबन्धनभित्र छलफल गरेर संविधानमा व्यवस्था भएअनुसार ३० दिनभित्र विश्वासको मत लिने प्रतिक्रिया दिए । 'संविधानमा व्यवस्था भए अनुसार ३० दिनभित्र लिने हो, हाम्रो सरसल्लाह हुन्छ, छलफल गर्छौं उपयुक्त समय निश्चित गरेर विश्वासको मत लिन्छौं', उनले भने ।

विश्वासको मत पाउने सम्भावना छ भन्ने पत्रकारहरुको प्रश्नमा मुख्यमन्त्री थापाले प्रतिप्रश्न गरे, 'गठबन्धनमा बहुमत पुगेकै छ, यसमा कुनै शंका छ र ?'

सभामुख गौतमले राजीनामा दिइसकेकाले ९३ सदस्यीय प्रदेशसभामा अहिले सत्तापक्षसँग बहमुत (४७ मत) छ । तर विश्वासको मत लिने बेलासम्म यो अवस्था रहन्छ भन्नेमा प्रश्न छ । किनकी एमालेले सत्तारुढ गठबन्धनलाई अप्ठ्यारो पार्न उपसभामुख सिर्जना दनुवारलाई राजीनामा गराउने छलफल सुरु भएको छ ।

मुख्यमन्त्री थापाले विश्वासको मत नपाए संविधानको धारा १६८ (३) अनुसार प्रदेशसभाको सबभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा एमाले नेता हिक्मतकुमार कार्की मुख्यमन्त्री बन्न सक्छन् । त्यो अवस्था ल्याउन पनि एमालेले उपसभामुखलाई राजीनामा गराउने सम्भावना छ ।

यद्यपि एमाले प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारी भने उपसभामुखले राजीनामा नदिने बताउँछन् । 'उहाँहरु कसरी आउनुहुन्छ, बराबर को विपक्षीलाई उहाँहरुले कसरी सम्बोधन गर्नुहुन्छ हेरौं', भण्डारीले भने, 'अहिले सबै कुरो नगरौं पछि के हुन्छ त्यही बेला हिसाब किताब गरौला ।'

उपसभामुखले राजीनामा दिए वा बैठकमा उपस्थित नभए ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् । प्रदेशसभामा ज्येष्ठ सदस्य कांग्रेसका गयानन्द मण्डल छन् । कांग्रेसका एक नेता मण्डललाई मन्त्री बनाएपछि ज्येष्ठ सदस्य एमालेका प्रदेशसभा सदस्य हुने बताउँछन् । तर एमालेले आफ्ना ज्येष्ठ सदस्यलाई अनुपस्थित गराए बैठकको अध्यक्षता सत्ता गठबन्धनकै प्रदेशसभा सदस्यले गर्नुपर्ने हुन्छ ।

यो अवस्थामा मुख्यमन्त्री थापाले विश्वासको मत पाउने अवस्था नरहने गठबन्धनमा रहेका दलका नेताहरु बताउँछन् । किनकी मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनका लागि बोलाइने प्रदेशसभा बैठकको अध्यक्षता सत्तापक्षकै ज्येष्ठ सदस्यले अध्यक्षता गर्नुपर्ने अवस्था आएमा प्रस्तावको पक्ष र विपक्षमा बराबर मत परेमा मात्र उनले मत दिन पाउँछन् ।

प्रतिपक्षी दलले आफ्ना एक जना प्रदेशसभा सदस्य मात्र अनुपस्थित गराए पनि अध्यक्षले निर्णयक मत दिन नपाउने अवस्था बन्ने छ । मुख्यमन्त्री उद्धव थापा भने उपसभामुखको राजीनामाबारे नसोचेको बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# बढ्न थाले चिनियाँ पर्यटक, अमेरिकीलाई उछिन्दै दोस्रो स्थानमा

काठमाडौं/नेपालमा चिनियाँ पर्यटकको आगमन बढ्न थालेको छ । सन् २०२३ को पहिलो ६ महिना (जुन)सम्म भारतीय नागरिकपछि दोस्रो स्थानमा अमेरिकी पर्यटकको आगमन थियो । सातौं महिना (जुलाई)मा भने चिनियाँ नागरिक दोस्रो स्थानमा उक्लिएका छन् ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार जुलाई २०२३ मा कुल ५७ हजार ७२६ जना पर्यटक नेपाल आएका छन् । त्यसमध्ये भारतीय मात्र २१ हजार ३५७ जना आएका छन् । दोस्रो स्थानमा चिनियाँ नागरिक छन् । उनीहरुको संख्या ५ हजार ५९३ जना छन् । अमेरिकी पर्यटकको संख्या ५ हजार ५६१ जना रहेको बोर्डले जनाएको छ ।

नेपालमा जुन, जुलाई र अगस्ट पर्यटकीय सिजनका दृष्टिकोणले 'अफसिजन' मानिन्छन् । सोहीकारण युरोप र अमेरिकी पर्यटक आगमन समेत यो मौसममा घट्ने गरेका छन् । नेपालको छिमेकी मुलुक भारतमा यो समय अधिक गर्मी हुने भएकाले यो मौसममा धेरै भारतीय नेपाल आउने गरेका छन् ।

पर्यटन व्यवसायीहरुका अनुसार चिनियाँ नागरिकले समेत घुमफिरमा विशेष मौसम हेर्दैनन् । सोहीकारण नेपालमा भ्रमणमो वातावरण बनाउने हो भने चिनियाँ नागरिकले नेपाल 'अलसिजन' उपयुक्त गन्तव्य हो भन्ने सन्देश प्रवाह गर्न सक्ने पर्यटन व्यवसायीहरु बताउँछन् ।

होटल संघ नेपाल (हान)का कोषाध्यक्ष युवराज श्रेष्ठका अनुसार चिनियाँ पर्यटक नेपालमा 'अफसिजन' भएका बेला पनि ठूलठूला समूहमा आउँछन् । जसले गर्दा व्यवसायीले राम्रो विजनेश पनि पाउँछन् । व्यवसायीहरुका अनुसार भारतीय पर्यटक खानपिनमा बढी रमाउँछन् ।

चिनियाँ नागरिक भने घुमफिर र सपिङ तथा पर्यटकीय गतिविधिमा सहभागी हुन रुचाउँछन् । जसले गर्दा 'अफसिजन'मा पनि साहसिक पर्यटकीय गतिविधिले निरन्तरता पाउँछन् ।

अघिल्लो महिना चीनको छेन्दुबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो व्यावसायिक चार्टर्ड उडान भएको थियो । त्यसपछि भने पोखरामा उडानले निरन्तरता पाउन सकेन । अहिले काठमाडौंलाई भारतीय भन्दा धेरै चिनियाँ शहरमा हवाई यात्राले जोडेको छ । यसले भने चिनियाँ पर्यटक बढाउन भूमिका खेलेको व्यवसायीको भनाइ छ ।

जुलाई २०२३ मा सार्क मुलुकबाट मात्र कुल पर्यटकको ५० प्रतिशत हाराहारी पर्यटक आगमन भएको तथ्यांकमा देखिएको छ । भारतबाट २१ हजार ३५७, बंगलादेशबाट २६ सय ९६ जना, भुटानबाट ८०७ जना, श्रीलंकाबाट ४८४ जना र पाकिस्तानबाट ३७२ जना पर्यटक यो महिनामा नेपाल भ्रमणमा आएका छन् । एसियाका अन्य मुलुकमध्ये चीनपछि दक्षिण कोरियाबाट १३ सय ७५ जना पर्यटक आएका छन् । *(अनलाइनखबरबाट)*

**श्री मालपोत कार्यालय मकवानपुरबाट**

मिति २०८०/०४/११ मा जारी भएको नाम जारी भएको नामसारी

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक : राम बहादुर चेपाङ* *ज.ध. बचदु लाल प्रजा*

यसमा जिल्ला मकवानपुर साविक कटुन्जे गाविस वडा नम्बर १ को कि.नं. २८२, २९८ र ३०० को क्षेत्रफल क्रमश ज.रो. ४-८-३-३, १०-१३-१-२ र ०-६-३-३ जग्गाको जग्गाधनी तथा आफ्नो बाबु विधाराम चेपाङको मिति २०५१/०४/०२ मा मृत्यु भएको र निज जग्गाधनीको एकमात्र पत्नी माया प्रजाको पनि मिति २०७५/०४/०७ मा मृत्यू भएको, जग्गाधनीको एकमात्र छोरा म निवेदक राम बहादुर चेपाङ मात्र भएकोले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनि कैलाश गाउँपालिका ३ नंवर वडा कार्यालयको च.नं. ४८९ मिति २०८०/०२/२२ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित समेत संलग्न राखी कार्यलयमा द.नं. १९९०६ मिति २०८०/०२/२८ मा मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको नाम श्रेस्ता पुर्जामा वछ्दु लाल प्रजा भएको तर निवेदकको नागरिकता प्रमाणपत्र लगाएतका कागजातहरुमा बाबुको नाम बिधाराम चेपाङ भई नाम फरक फरक देखिएकोले फरक नाम भएको सम्बन्धमा, सक्कल पुर्जा नभएको सम्बन्धमा, जग्गाधनीको हकदारहरु, पालन पोषण/सदगद र हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नू भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदकको बाबु र जग्गाधनी एकै व्यक्ति नभइ फरकफरक भए वा जग्गाधनीको अन्य कोहि हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा जग्गामा अन्य कोहि कसैको हकभोग भए वा उल्लेखित जग्गा निवेदकको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस







के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरको निर्यात व्यापार निराशाजनक

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ मुलुककै ठुला औद्योगिक क्षेत्र रहेको हेटौंडाले भारतलगायत तेस्रो मुलुकमा गर्ने निर्यात व्यापारमा अपेक्षाकृत प्रगति गर्न सकेको छैन । मुलुकको व्यापारघाटाको ग्राफ निरन्तर उकालो लाग्दा निर्यातमा भने हरेक वर्ष खुम्चिएको छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र मात्रै सयभन्दा बढी उद्योगका साथै बहुराष्ट्रिय कम्पनीहरुले औद्योगिक उत्पादन गरिरहे पनि उत्पादित सामग्री निर्यातको अवस्था भने निराशाजनक रहेको छ । निर्यातजन्य वस्तुका लागि मकवानपुर उद्योग वाणिज्य संघले जारी गर्ने उत्पत्तिको प्रमाणपत्र (सीइओ) का आधारमा निर्यात व्यापार निरन्तर ओरालो लागेको देखिएको हो ।




आर्थिक वर्ष २०७९/०८० मा मकवानपुरबाट भारतलगायत तेस्रो मुलुकमा करिब साढे ६६ करोड रुपैयाँ मात्रको सामान निर्यात भएको पाइएको छ । हेटौंडामा सञ्चालित ५ वटा उद्योगले बितेको आर्थिक वर्षमा ६६ करोड ४८ लाख ७९ हजार रुपैयाँ बराबरको सामग्री भारत, बंगलादेश र अष्ट्रेलिया निर्यात गरेको तथ्यांक छ । आव २०७८/७९ मा ४ वटा उद्योगले ३ अर्ब ४ करोड रुपैयाँको औद्योगिक उत्पादन निर्यात गरेकोमा बितेको आवमा निर्यातमा भारी गिरावट आएको हो । बितेको आवमा प्याटग्रुप क्लोजर सिस्टम नेपाल प्रालिले निर्यातमा सबैभन्दा बढी योगदान गरेको छ ।

बहुराष्ट्रिय उद्योगको पेयपदार्थको बिर्को उत्पादन गरिरहेको कम्पनीले ३१ करोड ८४ लाख रुपैयाँको सामान भारत र अष्ट्रेलिया पठाएको छ । अघिल्लो वर्ष पनि यो कम्पनीले ३१ करोड ६६ लाख रुपैयाँ बराबरको सामान निकासी गरेको थियो । प्लाष्टिकको बोरा उत्पादन गरी निर्यात गरिरहेको गोदावरी पोलिप्याक्स एण्ड फेब्रिक प्रालि र हिमालय कत्था उद्योगको निर्यातमा आएको भारी गिरावटका कारण मकवानपुरको समग्र निर्यात व्यापार निराशाजनक बन्न पुगेको हो ।

आव २०७८/७९ मा एक अर्ब ४२ करोड ६८ हजार रुपैयाँको सामान निर्यात गरेको गोदावरी पोलिप्याक्स एण्ड फेब्रिक प्रालिको निर्यात गतवर्ष ७२ लाखमा खुम्चिएको छ । त्यस्तै आव ०७८/७९ मा एक अर्ब २९ करोड ५० लाख रुपैयाँको सामान निर्माण गरेको हिमालय कत्था उद्योगको निर्यात पनि बितेको आव ०७९/०८० मा १७ करोड ८२ लाख रुपैयाँमा झरेको पाइएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको तथ्यांकअनुसार बितेको केही वर्षयता विदेश निर्यात ठप्प भएको नेपाल इकरात इन्जिनियरिङ कम्पनी प्रालिले बितेको आर्थिक वर्षमा १४ करोड ५ लाख रुपैयाँको ट्रान्सफर्मर भारत र भुटानमा निर्यात गरेको छ । स्थानीय जडिबुटीको प्रयोग गरी क्यान्सरको औषधि उत्पादन गर्ने इभान्स लाईफ साइन्सेस प्रालिले बितेको वर्ष निर्यात वृद्धि गरी २ करोड रुपैयाँ पुऱ्याएको छ । आव २०७८/७९ मा यो कम्पनीले १९ लाख २० हजार रुपैयाँ बराबरको सामाग्री विदेश निर्यात गरेको थियो । बितेको वर्षबाट खजुरी नेपाल प्रालिले पनि भारतमा आफ्ना उत्पादन परीक्षणको रुपमा निर्यात सुरु गरेको छ । कम्पनीले बितेको वर्ष एक लाख ५६ हजार रुपैयाँको बिस्कुटजन्य सामग्री निर्यात गरेको मकवानपुर उद्योग वाणिज्य संघको तथ्यांकमा उल्लेख गरिएको छ ।

विगत ५ वर्षअघिदेखि खस्कँदै गएको मकवानपुरको निर्यात व्यापारमा आव २०७९/८० मा उल्लेख्य सुधार देखिएको थियो । आर्थिक मन्दीलगायतका कारण निर्यात व्यापार पुन: पुरानै स्थितिमा फर्किन थालेको उद्योग वाणिज्य संघको बुझाई छ । मकवानपुरमा भएका बहुराष्ट्रिय कम्पनीहरुले पनि आफ्नो उत्पादन नेपालमै सीमित गर्नु र धेरै उद्योगहरु बन्द हुनुका कारणले पनि मकवानपुरको निर्यात व्यापारमा कमी आएको मकवानपुर उद्योग वाणिज्य संघका सहायक अधिकृत विजय भण्डारीले बताए । 'बहुराष्ट्रिय कम्पनी युनिलिभर नेपाल, कार्पेट उत्पादन गरी निर्यात गर्ने एमएम पोलिमर्सको निर्यात वर्षौंदेखि शून्य नै रहेको छ । दशकअघि कसरजन्य उत्पादनहरु, जडिबुटी, अदुवा, लसुनहरु विदेशमा निर्यात हुने गरेकोमा हाल सबै व्यापार ठप्प छ ।' भण्डारीले भने ।

बर्सेनि करोडौंको सामान निकासी गर्ने एभरेष्ट मिनरल प्रोडक्ट, मकवानपुर इन्जिनियरिङ जस्ता उद्योग बन्द भइसकेका छन् । त्यस्तै एभरेष्ट पोलिमर्स, एभरेष्ट भिनाइल, रिज्वाइन क्वालिटी फुड, एसिएन लेदर आर्टस् एण्ड टानिङ जस्ता उद्योग पनि हाल अस्तित्वमा छैनन् । एसियन पेन्ट्स्, एन्टार्टिक बिस्कुट जस्ता वहुर्राष्ट्रिय उद्योगले पनि ९ वर्षदेखि आफ्नो उत्पादन निर्यात गरेका छैनन् । चुरोटको निकासी गर्दै आएको गोर्खा लाहारी प्रालिले पनि केहीवर्षअघिदेखि भारत निकासी बन्द गरिसकेको छ । हेटौंडा औद्योगिक क्षेत्रमा अहिले सयवटाभन्दा बढी उद्योग सञ्चालनमा छन् भने चार हजार जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

# भीमफेदीको विकट गाउँ पुगेर भत्ता वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ भीमफेदी गाउँपालिका वडा नम्बर ८ मा चालु आर्थिक वर्षदेखि सामाजिक सुरक्षाभत्ता वितरण गाउँमा पुगेर हस्तान्तरण सुरु गरिएको छ ।

भीमफेदीको महादेवटार बाट गाउँपालिकाको अध्यक्ष हिदम लामा, वडाअध्यक्ष बिस्णुबहादुर लामा, वडासचिव कृष्ण बस्नेत लगायत प्रभु बैंकको प्रतिनिधिहरु पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गरिएको हो । अबदेखि गाउँको जेष्ठनागरिक अपाङ्गलगायत सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीलाई हेटौंडा, भीमफेदी, काठमाडौ जाने झन्झटको अन्त्य भएको छ ।

सामाजिक सुरक्षाभत्ता वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष लामाले ६८ बर्ष पूरा भएका बृद्ध, अपाङ्ग, एकल महिला र दलितको लागि अब सकिनसकी भत्ता लिन भनेर हेटौंडा, भीमफेदी, काठमाडौ जाने कामको अन्त्य गरिएको बताए । उनले आफू यसै ठाउँमा हुर्केको र यस ठाउँको भौगोलिक अवस्थाको बारेमा जानकार भएकोले भत्ता वितरण गाउँमै ल्याएको बताए । उनले गएको वर्षदेखि नै भत्ता वितरणको काम गाउँबाट गर्न खोजिएको तर, प्राविधिक समस्याले नसकेको बताउदै अब सबै कुरा पूरा गरेर गाउँमै आएको बताए । अध्यक्ष लामाले भत्ता लिन आउँदा चेकबुक र नगरिताको फोटोकपी अनिवार्य लिएर आउन पनि अनुरोध गरे ।

यस आर्थिक वर्षदेखि अब भीमफेदी गाउँपालिका वडा नम्बर ८ को लागि महादेवटारबाट र वडा कार्यालय ईपापन्चकन्याबाट वितरण गरिने गाउँपालिकाले जनाएको छ । यसैअनुरुप साउन १७ गते साविक ईपाको वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिने वडाअध्यक्ष लामाले जानकारी दिए ।

# करारका कर्मचारीको सामाजिक सुरक्षा लागू गर्न मुख्यमन्त्रीको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले करारका कर्मचारीको भविष्य सुनिश्चितताका लागि सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयको समीक्षा बैठकमा उनले स्थायी कर्मचारीको पेन्सन तथा उपदान हुने तर करार कर्मचारीको जागिर छोड्दा वा अशक्त हुँदा हातमा केही नहुने भएकोले साउनदेखि नै कार्यक्रम अनिवार्य लागू गर्न लागिएको बताए । 'जागिर छुट्दा, अशक्त हुदा आर्थिकरुपले सहयोग पाउनका लागि यो कोषको महत्व छ । त्यसैले यही साउनदेखि लागू हुने गरी काम गर्नुहोस् ।',

उनले बागमती प्रदेश सुशासन केन्द्रलाई तालिम दिने क्रममा उपलब्धिको पनि लेखाजोखा राख्न निर्देशन दिएका छन् । मुख्यमन्त्री जम्कट्टेलले नीति तथा योजना आयोगलाई मन्त्री एवं सचिवहरुको टेबलमा अटाउने खालको प्रभावकारी योजना पेश गर्न निर्देशन दिए । बजेट बन्दा संयोगले आयोगको योजना पर्ने बाहेक योजनाको ठेलीमा कसैको आँखा नजाने तीतो यथार्थ रहेको भन्दै यस्तो कार्यलाई सुधार गर्न प्रभावकारी योजना टेबलमा राख्न मिल्ने बनाउन उनको जोड थियो ।



**भीमफेदी बजारमा पनि सडक विस्तार** : मकवानपुरको पुरानो सदमुकाम भीमफेदी बजारमा पनि सडक विस्तारका लागि रेखांकनको कार्य जारी छ । बागमती प्रदेश सरकारको बजेटबाट यातायात पूर्वाधार निर्देशनालयले भैंसे-भीमफेदी सडक स्तरीकरण कार्य निरन्तर अगाडि बढाएको छ । भैंसेबाट सुरु स्तरीकरणको कार्य भीमफेदी बजार पुग्न लागेको हो । भीमफेदी बजारमा यसअघि १० मिटर फराकिलो सडक विस्तार हुने भनिएपनि सडकको रेखांकन भने १२ मिटर गरिएको भीमफेदीका स्थानीय सुरेन्द्रराज थिकेले जानकारी दिए । भीमफेदी गाउँपालिका कार्यालयले करिब दुई वर्षअघि भीमफेदी बजारमा सडक विस्तारको सन्दर्भमा छलफल गरेर १० मिटर भत्काउने सहमति गरेको थियो । भीमफेदी बजारमा पनि चाँडै सडक विस्तार हुने जनाइएको छ । भैंसेदेखि भीमफेदीसम्म अधिकांश क्षेत्रमा सडक स्तरन्नोतीको कार्य भए पनि कालोपत्रे हुन बाँकी छ । *तस्बिर: साझाकुरा ।*

# सुन तस्करी छानबीनमा उच्चस्तरीय समिति मागेको हो: बर्तौला

साझाकुरा संवाददाता



हेटौंडा, १६ साउन/ प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले सुन तस्करी प्रकरणको छानबीनलाई सहज बनाउनका लागि आफ्नो पार्टीले उच्चस्तरीय छानबीन समिति गठन गर्न सरकारसँग माग गर्नुपरेको बताएका छन् ।

सुन तस्करीमा माथिल्लो स्तरको संलग्नता रहेको आफूहरुले संकेत पाएको उल्लेख गर्दै उनीहरुलाई पनि छानबीनको दायरामा ल्याउनका लागि उच्चस्तरीय छानबीन समिति नै बनाउनुपर्ने अडान लिएको मकवानपुरबाट प्रतिनिधिसभामा निर्वाचित बर्तौलाले बताए । मंगलवार संघीय संसद् भवन परिसरमा सञ्चारकर्मीमाझ सचेतक बर्तौलाले उच्चस्तरीय छानबीन समितिले राजश्व अनुसन्धान विभागको छानबीन समितिसँगै मिलेर काम गर्ने बताए ।

अहिले छानबीनमा संलग्न रहेका निकाय तथा अधिकारीहरुले पनि उच्चस्तरीय छानबीनको आवश्यकता औंल्याइरहेको उनको जिकिर थियो ।

सचेतक बर्तौलाले सिंगो देशले उच्चस्तरीय छानबीन समितिको माग गरिरहँदा पनि सरकार डराइरहेको आरोप समेत लगाए ।

## हेटौंडा क्याम्पस, हेटौंडा

सेवा समितिको कार्यालय

विज्ञापन नं. ०२०-०७९/०८० (खुला प्रतियोगिता)

प्रथम पटक प्रकाशित मिति: २०८०/०४/१७ गते

हेटौंडा क्याम्पस, हेटौंडाको निमित्तनिम्नविषयमाखुलाप्रतियोगिताद्वारा आंशिक करार सेवामा पद पूर्ति गर्नु पर्ने भएकोले योग्य नेपालीनागरिकहरूवाट मिति २०८०श्रावण२३गते साँझ ६वजे हेटौंडा क्याम्पस हेटौंडाको सेवा समितिको कार्यालय(प्रशासनशाखा)मा दरखास्तदिनुहुन यो सूचनाप्रकाशितगरिएको छ । आवेदनफाराम हेटौंडा क्याम्पस, हेटौंडाको प्रशासन शाखावाट प्राप्तगर्न सकिने छ । म्याद नाघी प्राप्तहुनआएका र रित नपुगेका दरखास्तउपर कुनै कार्यवाहीहुने छैन । आवेदनफारम साथआवेदन दस्तुर जम्मा गरेको सक्कलबैंक भौचर र आवश्यककागजातहरूको प्रतिलिपिहरू पेश गर्नु पर्नेछ ।

१. प्रवेशिका देखि माथिका सवै शैक्षिक योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू ।
२. अनुभवको प्रमाणपत्र:त्रि.वि. का आंगिकक्याम्पस वा सामुदायिकक्याम्पसहरुमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रहीकाम गरेको भए सोको स्पष्ट मितितथाकार्यालय खुलेको प्रमाणित पत्रआवेदन साथ पेश गर्नु पर्नेछ ।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३प्रति ।
४. नेपालीनागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. व्यक्तिगतविवरण (वायोडाटा) २प्रति ।
६. विषय : होटल व्यवस्थापन, पद (शिक्षण सहायक, आंशिक करार, किसिम: खुल्ला, पद संख्या: १ आवश्यकन्युनतमयोग्यता:त्रिभुवनविश्वविद्यालयवामान्यताप्राप्त शिक्षण संस्थावाटहोटल व्यवस्थापनविषयमान्यूनतमद्वितीयश्रेणीमास्नातकतह उत्तीर्ण गरेको ।
आवेदन दस्तुर :( रु १०००।( (एक हजार मात्र)
७. सेवा समय: क्याम्पसको आवश्यकताअनुसार ।
८. उम्मेदवार हुननपाउने व्यवस्था :
देहायको अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन :
(क) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।
(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।
(ग) गैर नेपाली नागरिक ।
(घ) विज्ञापन प्रकाशित भएको मितिसम्म ४५ वर्ष नाघेको व्यक्ति ।
९. परीक्षाको किसिम: अन्तर्वार्ता तथा कक्षाअवलोकन ।

उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटी हुन गएमा सो सच्याउने अधिकार क्याम्पस सेवा समितिमा सुरक्षित हुनेछ ।

सदस्य सचिव
सेवा समिति
हेटौंडा क्याम्पस
फोन नं. ०५७-५२६७३७

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

☞ पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
☞ खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
☞ पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय समयमा सफा गरौं।
☞ घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !
(उत्तराखण्ड चारधाम)
बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।
**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।
भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-
गोपाल थापा, हेटौंडा बसपार्क
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

" गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता "
2080-2081 ADMISSION OPEN
भर्ना खुल्यो ! भर्ना खुल्यो !!
शैक्षिक सत्र २०८०/८१ कालागी निम्न विषयहरुमा कक्षा ११ मा भर्ना खुल्यो
शिक्षा | कम्प्युटर साइन्स | कानुन | व्यवस्थापन | मानविकी
इलेक्ट्रिकल इन्जिनियरीङ (CTEVT ३ वर्षे डिप्लोमा)
साथै यसै शैक्षिक सत्रबाट नयाँ विषय
शिक्षा विज्ञान (Education Science)
यातायातको सुविधा भएको
• विशेषताहरू
दक्ष एवम् अनुभवी प्राध्यापकहरू,
पर्याप्त पुस्तकालयको व्यवस्था,
प्रयोगात्मक कक्षाको व्यवस्था,
गरीब, जेहेन्दार तथा असहायकालागी छात्रवृत्ति,
अतिरिक्त क्रियाकलापको व्यवस्था,
पर्याप्त भौतिक सेवा सुविधा,
➤ भर्ना फारम वितरण भइरहेकोले इच्छुक विद्यार्थीहरूले विद्यालयमा सम्पर्क गर्नु होला ।
श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा -१९ बस्तीपुर
सम्पर्क: ९८५५०३०८८७, ९८५५०६७७९९, ९८४५०७१७८८, ९८४५०७१६५८

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Golden Opportunity For SEE Graduates To Become Skilled Technical Manpower
शैक्षिक सत्र २०८० को नयाँ भर्ना खुल्यो !
Civil & Geomatics 3-Year Diploma Engineering Course
उत्कृष्ट नतिजाको लागि वंशगोपाल मावि, चौघडा
हेटौंडा बजारबाट ६ किमि पूर्व
दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारी सुनिश्चितताका लागि प्राविधिक शिक्षा नै वर्तमानको आवश्यकता
सिभिल र जियोम्याटिक्स ईन्जिनियरिङ्का लागि :
फाराम बुझाउने अन्तिम : २०८०।०४।२२ गतेसम्म
प्रवेश परीक्षा : २०८०।०४।२४ गते विहान ८:०० बजे
कक्षा ११ मा अँग्रेजी र नेपाली माध्यममा विषय समूहहरु :
Science Group
Management Group
Education Group
Humanities Group
सम्पर्क :
9845164997 / 9845029444 / 9845490602
98455988707 / 9845781156
श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
चौघडा, हेटौंडा-६, मकवानपुर, बागमती प्रदेश

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना